नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय
# शिक्षा बिकास तथा समन्वय इकाइ

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७४

फोन: ०७८-५४२२२२

च.नं.: ६०३
प.सं.: २०७५/०७६

मिति: २०७५।०९।१०

**विषय : सूचना सम्प्रेषण गरी सहयोग गरिदिनु हुन ।**

श्री मध्यबिन्दु नगरपालिका / गाउँपालिका,
नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ।

प्रस्तुत विषयमा सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश पोखराको च.नं. ८१३ मिति २०७५।०९।०५ को पत्रानुसार यस जिल्लाको तपसिलको विषय शीर्षकमा सार्वजनिक सूचना जारी भए बमोजिम त्यस नगरपालिका / गाउँपालिका अन्तर्गतका सरोकारवालाहरूबाट प्रस्तावना माग भए बमोजिम प्रस्तावनाको सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस कार्यालयमा पेश गर्ने गरी तहाँको सूचना पाटी एवम् आधिकारिक वेभसाईटमा समेत सूचना राखी सहयोग गरिदिनुहुन सादर अनुरोध छ । प्रस्तावनाको सूचना सम्वन्धी अन्य कुराहरू सामाजिक विकास मन्त्रालयको वेभसाईट mosd.gandaki.gov.np मा हेर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

### तपसिल

| क्र.सं. | प्रस्ताव आव्हान गरिएको सूचनाको शीर्षक | प्रथम पटक सूचना प्रकाशन भएको मिति | कैफियत |
|---|---|---|---|
| १ | एक स्थानीय तह एक खेल मैदान निर्माणका लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना | २०७५।०८।२७ | |
| २ | गाउँपालिका केन्द्रमा पुस्तकालय स्थापनाका लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना | २०७५।०८।२७ | |
| ३ | सामुदायिक क्याम्पसको स्तरोन्नतिका लागि पूँजीगत अनुदान उपलब्ध गराउने प्रस्ताव आव्हान सम्वन्धी सुचना | २०७५।०८।२७ | |
| ४ | स्थानीय भाषा अध्ययन अध्यापन गर्ने शिक्षालयलाई पूँजीगत अनुदानका लागि प्रस्ताव सम्वन्धी सूचना | २०७५।०९।०९ | |
| ५ | प्राविधिक विद्यालयहरूमा ल्याव तथा उपकरण व्यवस्थापनका लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना | २०७५।०९।१० | |
| ६ | विद्यालय तथा वाल सुधार गृहको शौचालय, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशालाका लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना | २०७५।०९।१० | |
| ७ | सामुदायिक सिकाई केन्द्र मार्फत साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रम सञ्चालनका लागि प्रस्तावना आव्हान सम्वन्धी सुचना | २०७५।०९।१० | |
| ८ | वैकल्पिक विद्यालय स्थापना तथा सञ्चालनका लागि प्रस्ताव आव्हान सम्वन्धी सूचना | २०७५।०९।१० | |
| ९ | स्थानीय तहसँगको सहलगानीमा ग्रामीण क्षेत्रका सामुदायिक आधारभूत विद्यालयहरूमा सूचना प्रविधिको प्रयोग एवम् इ-लर्निङ व्यवस्थापनका लागि प्रस्ताव आव्हान सम्वंन्धी सूचना | २०७५।०९।१० | |